# नेपालमा कोविद-१९ लकडाउनको समयमा परिवर्तित अनलाइन व्यवहारसम्बन्धी सर्वेक्षण

२०७७ बैसाख १२ गते

## पृष्ठभूमि तथा औचित्य

कोविद-१९ महामारीका कारण नेपाल सरकारले २०७६ चैत ११ गते देखि नेपालमा राष्ट्रव्यापि लकडाउन लागू गरेको थियो । परिणामस्वरूप विद्यालय, कलेज तथा कार्यालयहरू बन्द रहे । मानिसहरू घरभित्रै रहेका छन् र उनीहरू इण्टरनेटमा तुलनात्मक रूपमा लामो समय खर्च गर्न थालेका छन् । यसले अनलाइन दुर्व्यवहार तथा शोषण हुने खतरालाई बढाउन सक्छ । यो समयमा बाल अनलाइन ग्रुमरहरू तथा अनलाइन यौन शोषकहरूले बालबालिकालाई दुर्व्यवहार तथा शोषणका लागि सम्पर्क राख्न सक्ने भएकाले विशेषगरी बालबालिका तथा युवा वर्ग यस जोखिमप्रति संवेदशनशील हुनसक्छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार नेपालमा ७२.१६ प्रतिशत[1] मानिसको पहुँच ब्रोडब्याण्ड इण्टरनेटमा छ भने ५५.३० प्रतिशतले मोबाइल ब्रोडब्याण्ड इण्टरनेट चलाउँछन् । नेपालमा सबैभन्दा बढी चलाइने सामाजिक सञ्जाल फेसबूक हो । यसको सक्रिय प्रयोगकर्ता एक करोड दश लाख छन् ।[2] फेसबूक प्रयोगकर्ताहरूको सङ्ख्या, विशेषगरी युवा उमेर समूहबीच, विश्वव्यापि रुपमा र नेपालमा घटेको छ । त्यसो भए पनि फेसबूक प्रयोगकर्ताहरूको सङ्ख्या सन् २०१९ नोभेम्बरदेखि सन् २०२० अप्रिलसम्ममा छ लाखले बढेको छ ।

लकडाउनको समयमा बालकालिका तथा युवा वर्गका साथै उनीहरूका अभिभावकहरूको साइबर सुरक्षा तथा अनलाइन व्यवहारबारे जानकारी हासिल गर्नका लागि चाइल्डसेफनेटले एउटा लघू सर्वेक्षण सञ्चालन गरेको थियो । यस सर्वेक्षणबाट पत्ता लागेका तथ्यहरूले चाइल्डसेफनेट र साझेदार संस्थाहरूलाई विशेषगरी लकडाउन अवधिमा साइबर सुरक्षा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सघाउ पुऱ्याउनेछ ।

[1] व्यवस्थापन सूचना प्रणाली, नेपाल दूरसञ्चार प्राधिकरण, पुस २०७६, https://nta.gov.np/wp-content/uploads/MIS-2076-Poush.pdf

[2] फेसबूक, सन् २०२० अप्रिल २४ को तथ्याङ्क अनुसार

## विधि


चाइल्डसेफनेटले यो सर्वेक्षण सामाजिक सञ्जालबाट वितरण गरिएको अनलाइन गूगल फर्महरू प्रयोग गरी देशका सबै प्रदेशमा सञ्चालन गरेको थियो । उत्तरदाताहरूबाटै स्वसञ्चालित यो सर्वेक्षण २०७७ बैसाख ५ गते देखि शुरु गरिएको थियो । यस सर्वेक्षणको परिणाममा २०७७ बैसाख ५ गते देखि ९ गते सम्ममा सङ्कलन गरिएका उत्तरहरू समावेश गरिएको छ । यस सर्वेक्षण बालबालिका, युवा वर्ग तथा वयस्कहरूबीच सञ्चालन गरिएको थियो । वयस्कहरूको व्यवहारले बालबालिकालाई विभिन्न किसिमबाट प्रभावित गर्ने भएकोले यस सर्वेक्षणका क्रममा वयस्कहरूको अनलाइन व्यवहारसम्बन्धी जानकारी पनि सङ्कलन गरिएको थियो ।


यस सर्वेक्षणका क्रममा गोप्यता निर्वाहका लागि उत्तरदाताहरूका व्यक्तिगत सूचनाहरू सङ्कलन गरिएको छैन ।


यस सर्वेक्षणमा १,२२८ जना (६४७ पुरुष, ५७६ महिला तथा ४ अन्य) उत्तरदाताले सहभागिता जनाएका छन् ।


## पत्ता लागेका मुख्य तथ्यहरू


सर्वेक्षणमा १,२२८ जना उत्तरदाता सहभागी भएका थिए ।






उमेरका आधारमा उत्तरदाताहरू
०.१६%
२.२८%
६.७६%
९.९३%
३२.४९%
४८.३७%
below 12
13-17
18-24
25-35
36-50
51 and above



प्रदेशका आधारमा उत्तरदाताहरू
१.७१%
२.२०%
७.९८%
९.०४%
७.८२%
७.७४%
६३.५२%
Province-1
Province-2
Bagmati Province
Gandaki Province
Province-5
Karnali Province
Sudurpaschim Province


लकडाउनको समयमा दैनिक इण्टरनेट प्रयोग
१.३८%
८.६३%
१५.९६%
१५.२३%
३४.५३%
२४.२७%
Less than 1 Hour
1-3 Hours
4-6 Hours
6-9 Hours
10-12 Hours
More than 12 Hours



लकडाउनपूर्व दैनिक इण्टरनेट प्रयोग
४.५६%
२.२८%
७.९८%
११.८९%
२६.९५%
४६.३४%
Less than 1 Hour
1-3 Hours
4-6 Hours
6-9 Hours
10-12 Hours
More than 12 Hours


लकडाउनपूर्व तथा बन्दाबन्दीको समयमा दैनिक इण्टरनेट प्रयोग
(प्रयोगकर्ताको सङ्ख्या)
600
500
400
300
200
100
0
569
196
331
424
98
17
146
298
56
187
28
106
Less than 1 Hour
1-3 Hours
4-6 Hours
6-9 Hours
10-12 Hours
More than 12 Hours
Before Lockdown
During Lockdown



इण्टरनेटमा पहुँचका लागि प्रयोग गरिएका डिभाइस
२.३%
१०.६%
८७.१%
Mobile Phone
Computer
Tablet





सबैभन्दा बढी प्रयोग गरिएका साइट, एप तथा प्रोग्रामहरू
(प्रतिशत)
Other Online Games 9.9
Free Fire 3.2
PUBG 9.9
School/College Sites 20.8
Wikipedia or Similar Sites 25.8
International News Portals 30.9
Nepali News Portals 44.8
Snapchat 6
Twitter 9.9
Tiktok 18
Instagram 40.2
Facebook 74.3
YouTube 79.6
0 20 40 60 80 100





इण्टरनेट प्रयोगको उद्देश्य
(प्रतिशत)
Other 1.06
News and Information 72.6
Education 57.7
Entertainment 73.9
To connect with friends and relatives 63.2
0 10 20 30 40 50 60 70 80



प्रत्यक्ष प्रसारण (Live Streaming) को प्रयोग
(जस्तै, फेसबूक लाइभ वा अन्य प्रत्यक्ष भिडियो प्रसारण सेवाहरू)
गरेको छ
२१.६%
गरेको छैन
७८.४%


वास्तविक जीवनमा परिचित अनलाइन साथीहरू
(प्रतिशत)
५.४६%
१.५५%
७ %
२४.४३%
१५.९६%
४५.६०%
All
75% of them
50% of them
20 % of them
Less than 10 % of them
I do not use social media



अपरिचितबाट मित्रताका लागि आएका अनुरोध स्वीकार गरिएको
गरेको छु
२१.८%
गरेको छैन
७८.२%



अपरिचितलाई मित्रताका लागि पठाइएको अनुरोध
पठाएको छु
१५.७%
पठाएको छैन
८७.३%


घृणास्पद वा दुर्व्यवहारजनक सन्देश प्राप्त गर्नुभएको छ ?





अपरिचितबाट यौनिक सन्देश, तस्बिर वा भिडियोहरू प्राप्त गर्नुभएको छ ?




तपाईंले अरु कसैलाई यौनिक सन्देश, तस्बिर वा भिडियोहरू पठाउनुभएको छ ?
पठाएको छ २.४ %
पठाएको छैन ९७.६ %


तपाईंले कहिल्यै अश्लील साइट हेर्नुभएको छ ?
हेरेको छ ४१.७ %
हेरेको छैन ५८.३ %




## मुख्य सिफारिशहरू :

- सामाजिक सञ्जाल तथा भिडियो कन्फरेन्फ सत्रहरूमार्फत अनलाइन/भर्चुयल चेतनामूलक क्रियाकलापका माध्यमबाट बालबालिका, युवा वर्ग तथा अभिभावकहरूका लागि साइबर सुरक्षासम्बन्धी चेतनामूलक सत्रहरू सञ्चालन गरिनुपर्दछ ।

- 'डिजिटल युगमा अभिभावकत्व' सम्बन्धी भिडियो कन्फरेन्स कार्यशालाहरूले बालबालिका तथा युवा वर्गलाई अनलाइनमा सुरक्षित राख्नका लागि आवश्यक ज्ञान तथा सीप अभिभावकहरूलाई प्रदान गर्न सहयोग गर्नेछ । यस्ता कार्यशालाहरूले अभिभावकहरूलाई उनीहरूको आफ्नै स्क्रीन समय घटाउन, साइबर सुरक्षाबाट सिक्न एवं बालबालिका तथा युवा वर्गलाई अनलाइन हानिबाट बचाउनका लागि उदाहरण प्रस्तुत गर्न मार्गदर्शन उपलब्ध गराउनका लागि सहयोग गर्नेछ ।

- इण्टरनेटको सकारात्मक प्रयोगबारे बालबालिका, युवा वर्ग तथा अभिभावकहरूलाई ज्ञान दिनु आवश्यक छ भने बालबालिकाका लागि उपयुक्त साइट तथा एपहरूसम्बन्धी जानकारी उनीहरूलाई उपलब्ध गराउनुपर्दछ । उमेर तथा आवशयकताका आधारमा उपयोगी तथा उपयुक्त साइटहरूबारे उनीहरूलाई जानकारी उपलब्ध गराउनुपर्दछ ।

- सामाजिक सञ्जालका साथै अन्य अनलाइन सञ्चार माध्यममार्फत सम्प्रेषण गर्नका लागि नेपाली तथा स्थानीय भाषाहरूमा सरल तथा सजिलो साइबर सुरक्षा सामग्रीहरू तयार गरिनुपर्दछ ।

- अनलाइन हानि भोगेका वा त्यस्तो जोखिममा रहेकाहरूलाई सुझाव तथा सहयोग उपलब्ध गराउन पूर्णकालीन अनलाइन हेल्पलाइन सञ्चालन गर्नुका साथै आवश्यकता अनुसार प्रहरी, मनोविद्, कानुनविद्, सामाजिक कार्यकर्ता आदि जस्ता सहयोगी सेवाहरूसँग सम्पर्क गराइनुपर्दछ ।

- अनलाइन दुर्व्यवहारबारे उजुरी दिने सम्बन्धी कानुन कार्यान्वयनलाई सशक्त बनाइनुका साथै देशभरि नै उजुरी दिने कार्यलाई सम्भव बनाइनुपर्दछ ।

- बालबालिका, युवा वर्ग तथा हरेकका लागि इण्टरनेट सुरक्षित बनाउनका लागि सरकार, सूचना प्रविधिसम्बन्धी कम्पनीहरू तथा अन्य जिम्मेवार पक्षहरूबाट थप वित्तीय तथा प्राविधिक स्रोतको उपलब्धताका लागि पैरवि गरिनुपर्दछ ।

**निष्कर्ष :**

सर्वेक्षणबाट पत्ता लागेका तथ्यहरूका अनुसार बालबालिका तथा युवा वर्ग इण्टरनेट दुर्व्यसन, गेमिङ दुर्व्यसन तथा वयस्क सामग्रीहरूसँगको सम्पर्कसम्बन्धी जोखिमप्रति उच्च रुपमा संवेदनशील हुनसक्छन् । उनीहरू अनलाइन यौन दुर्व्यवहार तथा शोषणको उच्च जोखिममा पनि हुनसक्छन् । नेपालमा सरकारले अश्लील सामग्री राखिने साइटहरूमाथि प्रतिवन्ध लगाएको भए पनि बालबालिका तथा युवा वर्गसहितका ४१ प्रतिशतभन्दा बढी उत्तरदाताहरूले त्यस्ता साइट आफूले हेरेको जनाएका छन् । यस्ता समस्यालाई पनि सम्बोधन गरिनु आवश्यक छ ।

लकडाउन अवधि तथा त्यसपछि पनि बालबालिका तथा युवा वर्गलाई अनलाइनमा सुरक्षित राख्नेसम्बन्धी मुद्दालाई सम्बोधन गर्नका लागि गहन ज्ञानभण्डार तयार गर्न विस्तृत एवं विषयगत अनुसन्धान गरिनु आवश्यक छ ।

**चाइल्डसेफनेटबारे**

चाइल्डसेफनेट बालबालिका तथा युवा वर्गका लागि डिजिटल प्रविधि सुरक्षित पार्ने ध्येयसहित स्थापित भएको गैरसरकारी संस्था हो । हामी बालबालिका तथा युवा वर्गलाई इण्टरनेट दुर्व्यसन, अनलाइन यौन दुर्व्यवहार तथा शोषण, साइबर-बुलिङ, फिसिङ, गेमिङ दुर्व्यसनबाट बचाउनका लागि इण्टरनेट एवं डिजिटल डिभाइसहरूको सुरक्षित प्रयोगसम्बन्धमा चेतना अभिवृद्धि गर्न तथा डिजिटल साक्षरता प्रवर्द्धन गर्नका लागि काम गर्दछौं ।

**सम्पर्क :**

अनिल रघुवंशी
अध्यक्ष, चाइल्डसेफनेट
जावलाखेल, ललितपुर, नेपाल ।
टेलिफोन नं. : +९७७ ९८४१११५३५३
ईमेल : info@childsafenet.org वेबसाइट : www.childsafenet.org